# प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता

स्नातकोत्तर तह एम.एड् दोस्रो वर्षको शैक्षिक योजना तथा
व्यवस्थापन(EPM) विषयको आंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत

**शोध-पत्र**


**शोधार्थी**

भीमचन्द्र न्यौपाने

क्याम्पस रोल नं. १०३

परीक्षा रोल नं. २१४००१३

त्रि.वि.द.नं. २०६६-८८

शैक्षिक वर्ष २०६३/०६५


**प्रस्तुत**


त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुकुना बहुमुखी क्याम्पस

इन्द्रपुर, मोरङ


माघ, २०६८

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड्.) द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि शोधकर्ता **भीमचन्द्र न्यौपाने**द्वारा तयार पारिएको **प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता** विषयक शोधपत्र मेरो प्रत्यक्ष सहयोग, सल्लाह, सुझाव र निर्देशनमा तयार पारिएको प्रमाणित गर्दै आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

मिति २०६८

.............................

अशोक वस्नेत

शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह (एम.एड्.) द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि शोधकर्ता **भीमचन्द्र न्यौपाने**द्वारा तयार पारिएको **प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता** शीर्षकमा शोध अध्ययन पूरा गरी स्वीकृतिका लागि सिफारिससहित पेस गर्नु भएकोले यो शोधपत्र यस मूल्याङ्कन समितिद्वारा स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री अशोक वस्नेत | शोधनिर्देशक | |
| २. | | | |
| ३. | | | |
| ४ | | | |

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्व विद्यालय, सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ, शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह (एम.एड्) दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकतालाई पुरागर्ने सिलसिलामा **प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता** शिर्षकमा सहभागिताको स्थिति अध्ययन गर्नको लागि यो शोधपत्र तयार गरिएको छ । सर्वप्रथम शोधपत्र तयार गर्ने क्रममा मलाई आफ्नो अमूल्य समय दिएर अध्ययन प्रतिवेदन लेखनको लागि निर्देशन, सुझाव र सहयोग गरी शोध निर्देशन गर्नुहुने श्रद्धेय गुरु उप-प्राध्यापक श्री अशोक बस्नेतप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी प्रस्तुत अध्ययन प्रतिवेदन लेखनको लागि निर्देशन, सुझाव र सहयोग पुऱ्याउनु हुने स्नातकोत्तर कार्यक्रम संयोजक तथा सुकुना बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विभाग प्रमुख श्री लक्ष्मी कुमार श्रेष्ठप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु । अनुसन्धानका लागि आवश्यकपर्ने तथ्याङ्क उपलब्ध गराउनु हुने तोपगाछी स्रोतकेन्द्रका स्रोत व्यक्ति श्री सूर्य प्रसाद सापकोटा, तोपगाछी गा.वि.स. परीवार, जि.शि.का. झापा परीवार, नमूना छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स.अध्यक्ष, अभिभावक, विद्यार्थीहरू र आवश्यक पुस्तकहरू र अन्य सामग्रीहरू उपलब्ध गराउन सहयोग गर्नुहुने झापा जिल्ला शिक्षक यूनियनका अध्यक्ष श्री नारायण प्रसाद गौतम, मदन आश्रित वहुमुखी क्याम्पस, तोपगाछी ७ का क्याम्पस प्रमूख श्री हेमनाथ अधिकारी, मित्रहरू अग्नी प्रसाद कोइराला, गोविन्द पौडेल, नेत्र प्रसाद पराजुली, सेसेमिसे नाल्वो, मनकुमार लिम्बूप्रति धन्यवाद प्रकट गर्दछु । अध्ययन कार्य पुरागराउन सहयोग गर्नुहुने मित्रहरू हिम प्रसाद दहाल, मधुसुदन अधिकारी, ओम प्रकास खड्काले गरेको सहयोगलाई मित्रताको फराकिलो बन्धनकोरुपमा लिएको छु । घरमा उपयुक्त वातावरण बनाई मलाई उत्साह, हौसला र अन्य सहयोग गर्ने मेरी जीवन संगिनी श्रीमती तारा देवी न्यौपाने साथै छोरा निराजन र छोरी इन्दूलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यो शोधपत्र तयार पार्न प्रत्यक्ष र अप्रत्यक्षरुपमा सहयोग गर्नुहुने सबैलाई र शोधपत्र डिजाइन तथा प्रिन्ट गरी सहयोग गर्नुहुने ब्रेनवयेभ कम्प्यूटरका प्रो. श्री चिरन ढकाललाई धन्यवाद प्रकट गर्दछु ।

भीमचन्द्र न्यौपाने
एम.एड् दोस्रो वर्ष

# शोधसार

**प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता** शीर्षकमा तयार पारिएको यो शोधपत्रको मूख्य उद्देश्य लिम्बू जातिका बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिताको स्थिति विश्लेषण गर्नु रहेको छ । यस शोध पत्रमा ५ परिच्छेदहरु छन् । यो शोधपत्र परिमाणात्मक र गुणात्मक ढाँचामा व्याख्या विश्लेषण गरिएको छ ।

यस अध्ययनमा तोपगाछी स्रोतकेन्द्रका २७ ओटा विद्यालय, २७ जना प्र.अ., १३५ जना शिक्षक, २१८ जना विद्यार्थीहरु, २०० जना लिम्बू अभिभावकहरु र २७ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई जनसङ्याकोरुपमा लिइएको छ । अध्ययन अनुसन्धान गर्ने क्रममा नमूना छनोट गर्दा उद्देश्यमूलक र सांयोगिक विधि अपनाइएको छ । तोपगाछी स्रोत केन्द्रका ५ वटा विद्यालयका २५ जना विद्यार्थीहरु, २० जना अभिभावक, ५ जना प्र.अ.हरु, ५ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, १ जना स्रोत व्यक्ति तथा १५ जना शिक्षकहरुलाई नमूनाको रुपमा लिइएको छ । समयको सिमितता, जातियता, सामुदायिक विद्यालयहरू, गाउँ शहर, लिङ्ग, आर्थिक अवस्था र कक्षा ४ र कक्षा ५ लाई नमूना छनोटको आधार बनाइएको छ । प्राथमिक स्रोतको रुपमा छनोट गरिएका विद्यालयमा विद्यार्थी, अभिभावक, प्र.अ., वि.व्य.स.का अध्यक्ष, शिक्षकहरु तथा स्रोत व्यक्तिसँग प्रश्नावली, अन्तर्वाता फारामहरु भराएर तथा अनुसन्धानकर्ता स्वयं सम्बन्धित क्षेत्रमा अवलोकनगरी सम्बन्धित पक्षसँग छलफलगरी आवश्यक पर्ने तथ्याङ्क संकलन गरिएको छ । द्वितीय स्रोतको रुपमा पत्रपत्रिका, गा.वि.स., जि.वि.स., जिल्ला शिक्षाकार्यलय, सम्बन्धित शोधपत्र, सम्बन्धित विद्यालयका रेकर्डहरु, विभिन्न पुस्तक तथा लेखहरुबाट सूचना तथा तथ्याङ्क प्राप्त गरिएको छ । प्राप्त तथ्याङ्कलाई तालिकिकरण गरी स्तम्भ चित्र तथा वृत्त चित्रमा देखाइएको छ ।

अध्ययनको क्रममा नेपालमा लिम्बूको सङ्या १.८५ प्रतिशत, झापा जिल्लामा ६ प्रतिशत र अध्ययन क्षेत्रमा ९.९३ प्रतिशत पाइयो । लिम्बू जातिको शैक्षिक अवस्था अध्ययन गर्दा ३० प्रतिशत निरक्षर र ७० प्रतिशत साक्षर पाइयो । जसमा ४२ प्रतिशतले प्राथमिक तहको शिक्षा मात्र लिइएको पाइयो । नेपाल अधिराज्य भर जम्मा विद्यार्थी सङ्या ३८५३६१ मध्ये लिम्बू विद्यार्थी सङ्या १२९६८ वा ०.३३ प्रतिशत, झापा जिल्लामा ८१९२८ मध्ये २२२३ जना वा २.७१ प्रतिशत र अध्ययन क्षेत्रमा जम्मा विद्यार्थी सङ्या ६९६३ मध्ये लिम्बू विद्यार्थी सङ्या २१८ जना वा ३.१ प्रतिशत पाइयो । २०६७ सालमा अध्ययन क्षेत्रमा भएका जम्मा ६७०८ जना विद्यार्थीहरु मध्ये २१८ जना वा ३.२५ प्रतिशत लिम्बू विद्यार्थी र ६४९० जना वा ९६.७५ प्रतिशत अन्य जातिका विद्यार्थीहरु भर्ना भएको पाइयो । भर्ना भएका मध्ये विचैमा विद्यालय छाड्ने लिम्बू विद्यार्थी सङ्या ३९ जना वा १७.८८ प्रतिशत र बाँकी अन्य जातिका पाइएको

छ । अध्ययन पुरा नगरी बिचैमा विद्यालय छाड्ने कुल विद्यार्थी सङ्ख्या भने ३३३८ मध्ये लिम्बु विद्यार्थी सङ्ख्या ७१० जना वा १०.५९ प्रतिशत पाइएको छ । कमजोर आर्थिक अवस्था, लिम्बू जातिको अनुपयुक्त घरयासी शैक्षिक वातावरण, विद्यालयबाट सृजित समस्या, सामाजिक तथा सांस्कृतिक तत्वका कारण, साथै शिक्षा प्रतिको नकरात्मक धारणाका कारणले लिम्बू जातिका बालबालिकाको प्राथमिक तहको शिक्षामा भर्ना कम हुने र भर्ना भए पनि बीचैमा कक्षा छाड्ने प्रवृत्तिले गर्दा प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिताकम हुने गरेको पाइयो ।

प्राथमिक तहमा लिम्बू बालबालिकाको सहभागिता वढाउन उनीहरूको आर्थिक अवस्थामा सुधारगर्नु पर्दछ भन्ने ३१ प्रतिशत, घरको शैक्षिक वातावरणमा सुधार गरिनु पर्दछ भन्ने ३१ प्रतिशत, सामाजिक तथा सांस्कृतिमा सुधारगरेर भन्नेमा १८.३० प्रतिशत र विद्यालयीय वातावरणमा सुधार गरेर सहभागिता बृद्धि गर्न सकिन्छ भन्ने १९.७ प्रतिशत व्यक्तिहरू अनुसन्धानमा पाइयो । उनीहरुको सहभागिता वृद्धि गर्न सरकारले लिम्बू समुदायको वास्तविक आर्थिक, शैक्षिक स्थितिको वारेमा खोज अनुसन्धान गरिनु पर्ने, छात्रावृत्ति तथा पाठ्यपुस्तकहरूलाई समयमानै वितरण गर्नेकार्यमा सरकार र विद्यालयहरूले पहल गर्नु पर्ने, विद्यार्थीहरुका अभिभावकको चेतना स्तर बढाउनु पर्ने जसकालागि सरकारी र गैरसरकारी संघ संस्थाले पहगर्नु पर्ने, व्यवहारिक र रोजगारमूलक शिक्षाको व्यवस्था गरिनु पर्दछ । विद्यालय व्यावस्थापन समिति, प्र.अ. र शिक्षकहरुले  सकेसम्म लिम्बू बालबालिका भएका विद्यालयमा लिम्बू बालबालिकालाई मातृभाषामा पढ्न र पढाउन लिम्बू शिक्षकको व्यवस्था गर्नु पर्ने, हरेक विद्यार्थीको मनोभावना बुझेर शिक्षकले शिक्षण गर्नुपर्दछ । लिम्बू बालबालिकाका अभिभावकले घरको शैक्षिक वातावरण तथा  सामाजिक र सांस्कृतिक परम्परामा सुधार गर्नु पर्ने तथा हाल सञ्चालन भइरहेको विद्यालय भर्ना कार्यक्रमलाई अझ प्रभावकारी वनाउनु पर्ने र मार्क्सवादी अवधारणा अनुरुप जातिय र वर्गिय उत्थानका लागि आर्थिक ,सामाजिक र राजनैतिकरुपमा अधिकार  प्रदान गरी उपयुक्त अवसर उपलब्ध गराउनु पर्ने सुझाव प्रस्तुत गरिएको छ ।

# विषयसूची


| | पेज नं. |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता ज्ञापन | III |
| शोधसार | IV-V |
| विषयसूची | VI-VIII |
| तालिकासूची | IX |
| चित्रसूची | X |
| संक्षिप्त शब्दको पूरारुप | XI |

## परिच्छेद एक : परिचय

| | |
|---|---|
| १.१ पृष्ठभूमि | १-७ |
| १.२ समस्याको कथन | ७ -८ |
| ३.१ अध्ययनको औचित्य | ८ |
| १.४ अध्ययनको उद्देश्य | ८ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ८-९ |
| १.६ अध्ययन को परिसीमा | ९ |
| १.७ सम्वन्धित शब्दको परिभाषा | ९-१० |

## परिच्छेद दुई : संम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पूनरावलोकन | ११ -१७ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १७ -१९ |

२.३ पुनरावलोकनको उपादेयता १९-२०

## परिच्छेद तीन : अध्ययन विधि

३.१ अनुसन्धान ढाचा २१
३.२ तथ्याङ्क संकलन प्रकृया २१
३.२.१ जनसङ्या २१
३.२.२ नमूनाको आकार २१
३.२.३ नमूना छनोट विधि २१
३.२.४ नमुना छनोटको आधार २२
३.३ अध्ययनको साधनहरू २२
३.४ तथ्याङ्कका स्रोतहरू २२ ३.४.१
प्राथमिक स्रोतहरू २३
३.४.२ द्वितीय स्रोतहरू २३
३.५ तथ्याङ्कको प्रस्तुती विश्लेषण र व्याख्या २३

## परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१ प्राथमिक तहमा लिम्बू जातिका बालबालिकाको सहभागिता स्थिति २४
४.१.१ कुल जनसङ्या र लिम्बूको स्थिति २५
४.१.२ तोपगाछी गा.वि.स.को जातिगत जनसङ्या २६
४.१.३ लिम्बू जातिहरुको शैक्षिक अवस्था र शिक्षामा सहभागिता २७-२९
४.१.४ प्राथमिक तहमा लिम्बू विद्यार्थीहरुको सहभागिता स्थिति २९
४.१.५ तोपगाछी स्रोत केन्द्रको प्राथमिक तहमा विद्यार्थीको कक्षागतरुपमा

जातिगत सहभागिता २९-३१ ४.१.६

प्राथमिक तहमा जातिगत विद्यार्थी सहभागिता स्थिति ३१-३२

४.१.७ लिम्बू विद्यार्थी विवरण ३२-३५ ४.१.८

लिम्बू विद्यार्थीको कक्षागत भर्ना ३५-३६

४.१.९ जातिगत विद्यार्थी सहभागिता ३६-३७

४.१.१० विद्यालय विचैमा छाड्ने विद्यार्थी ३७

*विद्यालय छाड्ने कुल विद्यार्थी* ३७-३९

*बीचैमा विद्यालय छाड्ने लिम्बू विद्यार्थीहरुको* ३९-४०

४.१.११ अध्ययन क्षेत्रको, जिल्ला स्तरको र राष्ट्रिय स्तरमा विद्यालय छाड्ने विद्यार्थीको तुलनात्मक स्थिति ४०-४१

४.२ लिम्बू बालबालिकाको सहभागितामा प्रभाव पार्ने तत्वहरु ४१-४३

४.२.१ लिम्बूहरुको घरको शैक्षिक वातावरण ४३-४५

४.२.२ आर्थिक तत्वहरु ४५-४७

४.२.३ सामाजिक सांस्कृतिक तत्वहरू ४७

४.२.४ विद्यालयीय कारण ४८-४९

४.३ प्राथमिक तहको सहभागितामा देखिएका समस्याहरू ४९

४.४ लिम्बू बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता वृद्धि गर्ने उपायहरु ४९-५२

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू

५.१ प्राप्ति ५३-५५

५.२ निष्कर्ष ५५-५६

५.३ सुझावहरू ५६

**सन्दर्भ ग्रन्थसूची** a – b

**अनुसूचीहरू** i–xviii

# तालिका सूची


| तालिका नं. | पेज नं. |
|---|---|
| १. कुलजनसङ्ख्या र लिम्बूको स्थिति | २५ |
| २. तोपगाछी गा.वि.स.को जातिगत जनसङ्ख्या विवरण | २६ |
| ३. लिम्बू जातिको शैक्षिक अवस्था | २७ |
| ४. लिम्बू जातिको शिक्षाको स्थिति | २८ |
| ५. प्रा.वि. तहमा लिम्बू विद्यार्थी सहभागिता स्थिति | २९ |
| ६. तोपगाछी स्रोत केन्द्रको प्राथमिक तहमा कक्षागतरुपमा विद्यार्थीको जातिगत सहभागिता | ३० |
| ७. जातिगत विद्यार्थी विवरण | ३१ |
| ८. २०६६ सालका लिम्बू विद्यार्थी भर्ना | ३२ |
| ९. २०६७ सालका लिम्बू विद्यार्थी भर्ना | ३४ |
| १०. लिम्बू विद्यार्थीको कक्षागत भर्ना | ३५ |
| ११. जातिगत विद्यार्थी सहभागिता | ३६ |
| १२. विद्यालय छाड्ने लिद्यार्थी | ३८ |
| १३. बीचैमा विद्यालय छाड्ने विद्यार्थी | ३९ |
| १४. अध्ययन क्षेत्र, जिल्ला र राष्ट्रिय स्तरको विद्यालय छाड्ने विद्याथीका तुलनात्मक स्थिति ( प्रतिशतमा ) | ४० |
| १५. लिम्बू बालबालिकाको शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरु | ४२ |
| १६. लिम्बूहरूको घरको शैक्षिक वातावरण | ४३ |
| १७. लिम्बू जातिको जग्गा जमिन विवरण | ४६ |
| १८. विद्यालयले सिर्जना गरेका समस्याहरू | ४८ |
| १९. लिम्बू बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता वृद्धि गर्ने उपायहरु | ५० |

# चित्रसूची


वृत्तचित्र नं. पेज नं.

१. नेपालको जनसङ्ख्या र अध्ययन क्षेत्रको जनसङ्ख्या २५

२. अध्ययन क्षेत्रका लिम्बू जनसङ्ख्या प्रतिशत २५

३. तोपगाछी गा.वि.स. को जनसङ्ख्या विवरण २६

४. जातिगत विद्यार्थी विवरणं ३१

५. जातिगत विद्यार्थी सहभागिता ३७

६. लिम्बू बालबालिकाको प्राथमिक तहको शिक्षामा सहभागिता वृद्धि गर्ने उपायहरु ५१

स्तम्भचित्र नं.

१. लिम्बू जातिको शिक्षाको स्थिति २८

२. तोपगाछी स्रोत केन्द्रको प्राथमिक तहमा विद्यार्थीहरूको कक्षागतरुपमा जातिगत सहभागिता ३०

३. २०६६ सालमा लिम्बू विद्यार्थी भर्ना ३३

४. २०६७ सालमा लिम्बू विद्यार्थी भर्ना ३४

५ लिम्बू विद्यार्थीको कक्षागत भर्ना ३५

६. विद्यालय छाड्ने कुल विद्यार्थी ३८

७. बीचैमा विद्यालय छाड्ने विद्यार्थी ३९

## संक्षिप्त शब्दहरूको पूरा रूप

| | | |
|---|---|---|
| प्रा.वि : | : | प्राथमिक विद्यालय |
| नि.मा.वि. | : | निम्न माध्यामिक विद्यालय |
| मा.वि. | : | माध्यामिक विद्यालय |
| उ.मा.वि. | : | उच्च माध्यामिक विद्यालय |
| प्र.अ. | : | प्रधानाध्यापक |
| वि.नि. | : | विद्यालय निरीक्षक |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| क.स. | : | कम सङ्या |
| शै.स. | : | शैक्षिक सत्र |